पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।

☎: 067 – 411101
067 – 411102
✉: info@paiyunmun.gov.np
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

आ.व.:
च.नं.

## अनुदानमा मल बिक्री वितरणका लागि आवेदन दिने सम्बन्धि सूचना !

प्रथम पटक प्रकाशित मिति: २०८३/०४/२२

उपरोक्त सम्बन्धमा "अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२" को परिच्छेद ६ दफा २७ बमोजिमको मल विक्रेता नियुक्ति तथा बिक्री वितरण सम्बन्धि पैयूँ गाउँपालिका मल वितरण व्यवस्थापन समितिको मिति २०८३/०४/१९ गतेको बैठकको निर्णयानुसार अनुदानमा मल बिक्री वितरणको लागि यस गाउँपालिका भित्र रहेका इच्छुक सहकारी संस्था, फर्म वा कम्पनीहरूले तपसिल बमोजिमका कागजातहरू सहित सूचना प्रकाशित गरिएको मितिले १५ दिन भित्रमा यस गाउँपालिकाको कृषि शाखामा आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै गत आ.व. ०८२/०८३ मा छनौट भई नियुक्ति भएका मल विक्रेताले नविकरणको लागि आवेदन पेश गर्नुहुन अनुरोध छ।

तपसिल:

क. अनुदानको मल विक्रेता नियुक्तिको लागि निवेदन।

ख. सहकारी संस्था, फर्म वा कम्पनीले मल कारोबार गर्ने कार्यक्षेत्र खुलाईएको बैठकको निर्णयको प्रतिलिपि।

ग. सहकारी संस्था, फर्म वा कम्पनी दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।

घ. विगतको आर्थिक वर्षको लेखा परीक्षणको प्रतिलिपि।

ङ. अनुभव, कार्यदक्षता, कार्यक्षमताको विवरण।

च. विगतमा मलको कारोबार गरेको भए मल विक्रेता प्रमाण पत्रको प्रतिलिपि र गत आर्थिक वर्षको मल वितरणको विवरण।

छ. नापतौल गर्ने मेशिन, गोदाम घर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण।

ज. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

चक्रपाणी भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीका लागि:
पैयूँ गाउँपालिका, कृषि शाखा
९८४०५३८४२२, ९८६४१४९३९५